नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

सुर्खेत

२०७७ साल श्रावण देखि आश्विन महिनासम्मको त्रैमासिक विवरण

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**आ.व. २०७७/०७८ को श्रावण देखि आश्विन सम्ममा सम्पादन गरिएको कार्यहरुको त्रैमासिक विवरण**

# स्वतः प्रकाशन (Proactive Disclosures)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको भावना बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६४ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३।३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ । सोही बमोजिम यस कार्यालयबाट सम्पादन भएका २०७७ श्रावण देखि आश्विन सम्मको त्रैमासिक विवरण प्रकाशन गरिएको छ ।

## (क) परिचय :

स्थानीय प्रशासन ऐन २०२२, मधेश गोश्वारा ऐन २०१२ काठमाण्डौ उपत्यकाञ्चल कमिश्नर मेजिष्ट्रटको सवाल २००९, गौडा गोश्वरा सम्बन्धी प्रशासन (सामाजिक) ऐन २०१९, मधेश गोश्वारा ऐन २०१२ (पहाड तर्फ समेत) लागु गर्ने ऐन २०१४ खारेज गरी स्थानीय प्रशासन ऐन २०२८ जारी भएको हो । स्थानीय प्रशासन सम्बन्धी कानूनलाई विकेन्द्रीत प्रशासन व्यवस्था अनुरुप संशोधन र एकीकरण गर्न तथा शान्ति र व्यवस्था कायम राख्न ऐनद्वारा प्रमुख जिल्ला अधिकारीको कार्यालय रहने व्यवस्था भएको हो । कार्यालयको नाम प्रमुख जिल्ला अधिकारीको कार्यालय, जिल्ला कार्यालय हुँदै जिल्ला प्रशासन कार्यालयमा रुपान्तरण भएको छ ।

## (ख) कार्यालयको स्वरुप र प्रकृति :-

स्थनीय प्रशासन ऐन २०२८ अनुसार प्रत्येक जिल्लामा जिल्ला प्रशासन कार्यालय रहने व्यवस्था बमोजिम जिल्ला प्रशासन कार्यालयको स्थापना भएको हो । उक्त ऐनले गरेको व्यवस्था अनुसार नेपाल सरकारको जिल्ला स्थित प्रतिनिधीको रुपमा रहने प्रमुख जिल्ला अधिकारीले यस कार्यालयको प्रमुख प्रशासकीय अधिकारीका रुपमा भूमिका निर्वाह गरेको हुन्छ । जिल्लाको प्रमुख प्रशासकिय निकाय हुनुका साथै कानून बमोजिम विभिन्न मुद्दाहरुको शुरु कारवाही र किनारा लगाउने यो एक अर्धन्यायिक निकाय पनि हो ।

## (ग) काम, कर्तव्य र अधिकार

**जिल्ला प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकार :**

१. आन्तरिक सुरक्षासम्बन्धी नीति, योजना तथा स्थानीय स्तरमा कार्यक्रमको कार्यान्वयन;
२. जिल्लामा शान्ति व्यवस्था र सुरक्षा कायम राख्ने;
३. हातहतियार र खरखजानाको इजाजत सम्बन्धी सिफारिस र नियन्त्रण;
४. विस्फोटक पदार्थ सिफारिस र नियमन;
५. विदेशी नागरिकको जिल्लामा उपस्थिति र गतिविधिको नियमन;
६. सवारी साधन सञ्चालन सम्बन्धी कानूनको कार्यान्वयन;
७. गैरसरकारी, सङ्घ, संस्था दर्ता, नवीकरण र नियमन;
८. स्थानीय प्रशासनको सञ्चालन;